# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, जेठ २३ गते २०४८ साल (अतिरिक्ताङ्क १४


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय सभाको सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावना</u> : संसदको राष्ट्रिय सभाको सदस्यको निर्वाचनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्री परिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "निर्वाचन" भन्नाले संविधानको धारा ४६ को उप-धारा (१) को खण्ड (ख) र (ग) बमोजिम राष्ट्रिय सभाका सदस्यहरूको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(घ) "मतदाता" भन्नाले प्रतिनिधि सभाका सदस्यहरू सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले यस ऐन बमोजिम निर्वाचित हुने वा भएको राष्ट्रिय सभाको सदस्य सम्झनु पर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले दफा ३ बमोजिम नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २
## निर्वाचन अधिकृत, मतदाता नामावली र निर्वाचनको सूचना

३. निर्वाचन अधिकृतको नियुक्ती : (१) संविधान बमोजिम राष्ट्रिय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभाको सदस्यको लागि आयोगले निर्वाचन गराउनेछ र आयोगले निर्वाचनको प्रयोजनको लागि निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम नियुक्त निर्वाचन अधिकृतले निर्वाचनको कामको लागि आवश्यकता अनुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ ।

४. <u>मतदाता नामावली तयार गर्ने</u> : (१) निर्वाचन अधिकृतले आयोगबाट निर्धारित तरीका अनुसार देहायको निर्वाचनको लागि मतदाताहरूको छुट्टा छुट्टै नामावली तयार गर्नेछ :–

(क) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम पैंतीस जना सदस्य मध्ये तीन जना महिला सदस्यको लागि हुने निर्वाचन,

(ख) खण्ड (क) मा लेखिए देखि बाहेकको बत्तीस जना सदस्यको लागि हुने निर्वाचन,

(ग) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिम प्रत्येक विकास क्षेत्रबाट तीन । तीन जना सदस्यको लागि हुने निर्वाचन ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको मतदाता नामावली निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशित गर्नेछ।

५. <u>निर्वाचनको सूचना र कार्यक्रम</u> : (१) आयोगले राष्ट्रिय सभाको सदस्यको निर्वाचनको लागि मतदान हुने मिति र समय तोकी सूचना जारी गर्नेछ । त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि निर्वाचन अधिकृतले उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशित गर्ने, उम्मेदवारको विरोधमा उजूरी दिने, मनोनयनपत्रको जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशित गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रम प्रकाशित गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ३
## उम्मेदवार तथा मनोनयन

६. **उम्मेदवारको मनोनयन** : (१) देहायको प्रत्येक निर्वाचनको लागि एक जना मतदाताले दफा ७ बमोजिम अयोग्य नभएको कुनै एक जना व्यक्तिलाई उम्मेदवारको रूपमा प्रस्ताव गर्न सक्नेछ :-

(क) बत्तिस जना सदस्यको लागि हुने निर्वाचन,
(ख) तिन जना महिला सदस्यको लागि हुने निर्वाचन,
(ग) प्रत्येक विकास क्षेत्रबाट तीन तीन जना सदस्यको लागि हुने निर्वाचन,

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको निर्वाचनको लागि प्रस्तावित उम्मेदवारले सम्बन्धित विकास क्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्तावित प्रत्येक उम्मेदवारलाई कम्तिमा तीनजना मतदाताले समर्थन गरेको हुनु पर्नेछ ।

(४) एउटा उम्मेदवारको प्रस्तावक वा समर्थक भएको मतदाता अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्नेछैन ।

(५) उपदफा (१) बमोजिम उम्मेदवार प्रस्तावित गर्दा आयोगबाट निर्धारित ढाँचाको मनोनयनपत्र भरी निर्वाचन अधिकृतले तोकिदिएको स्थानमा र समय भित्र बुझाउनु पर्छ । सो मनोनयनपत्रमा प्रस्तावक, समर्थक र उम्मेदवार समेतको सहीछाप परेको हुनु पर्नेछ ।

७. **उम्मेदवारको अयोग्यता** : (१) देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य हुनेछैन :-

(क) पैंतीस वर्ष उमेर पूरा नभएको,
(ख) गैर नेपाली नागरिक,
(ग) मगज बिग्रेको वा बहुलाएको,
(घ) साहुको दामासाहीमा परेको ,
(ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाको बहालवाला कर्मचारी,

(च) कुनै लाभको पद धारण गरेको,

स्पष्टिकरणः- यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

(छ) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाय पाई सो सजाय भोगीसकेको मितिले छ वर्ष भुक्तान नभएको,

(ज) नैतिक पतन देखिने फौजदारी अपराधमा कसुरदार ठहरी दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले छ वर्ष भुक्तान नभएको,

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको अयोग्यता यो ऐन प्रारम्भ भए पछि हुने पहिलो पटकको निर्वाचनको निमित्त लागू हुने छैन ।

(३) उप-दफा (१) को खण्ड (ज) को प्रयोजनको लागि राजकाज सम्बन्धी मुद्दामा सजाय पाएको व्यक्ति वा राजनैतिक आधारमा सजाय माफी पाई नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको व्यक्तिको हकमा निज सो खण्ड बमोजिम अयोग्य भएको मानिने छैन ।

८. उम्मेदवारको उमेरको गणना : निर्वाचनको प्रयोजनकोलागि उम्मेदवारको उमेर दफा ५ अनुसार निर्वाचनको सूचना प्रकाशित भएको मिति सम्ममा पैंतीस वर्ष पूरा भएको हुनुपर्नेछ ।

९. मनोनयनपत्रको दर्ता : (१) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार वा प्रस्तावकले तोकिएको ढाँचामा निर्वाचन अधिकृतलाई दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको मनोनयनपत्र निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको छ छैन हेरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा उम्मेदवार वा प्रस्तावकलाई दिनु पर्छ ।

(३) उपदफा (१) बमोजिमको मनोनयन पत्रमा कुनै रीत नपुगेको देखिएमा निर्वाचन अधिकृतले रित पु-याउन लगाई मनोनयन पत्र दर्ता गर्नु पर्छ । सो बमोजिम रित नपु-याई कसैले मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनुपर्छ ।

१०. उम्मेदवारको सूची : (१) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचीमा उल्लेखित कुनै उम्मेदवारको विरोधमा मतदाता वा उम्मेदवारले उजूर दिन चाहेमा निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिन सक्नेछ ।

११. मनोनयनपत्रको जाँच : (१) मनोनयनपत्र जाँच गर्ने निर्वाचन कार्यक्रममा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्रको जाँच गरिनेछ । त्यसरी जाँच गरिने समय र स्थानमा प्रस्तावक तथा उम्मेदवार उपस्थित हुन सक्नेछन् ।

(२) निर्वाचन अधिकृतले उपस्थित भए सम्मका उम्मेदवार तथा प्रस्तावकहरूका समक्ष उपदफा (१) मा उल्लेख गरिएका सबै मनोनयनपत्रको जाँच गर्नेछ ।

(३) निर्वाचन अधिकृतले उम्मेदवारको मनोनयनपत्र जाँच गर्दा दफा १० को उपदफा (२) बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

तर मनोनयनपत्रमा रहेको सानो तिनो भूलचूकको कारणले मात्र सो मनोनयनपत्र बदर गरिने छैन ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "सानो तिनो भूलचूक" भन्नाले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनयनपत्रमा लेखाई वा छपाई सम्बन्धी अक्षर, मात्रा वा अंकको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो त्रुटिलाई सानो तिनो भूलचूक सम्झनु पर्छ ।

१२. <u>मनोनयनपत्र बदर हुने अवस्था</u> : (१) देहायको अवस्थामा निर्वाचन अधिकृतले मनोनयनपत्र बदर गर्न सक्नेछ :-

(क) यस ऐन बमोजिम उम्मेदवार अयोग्य भएमा,

(ख) उम्मेदवारको मन्जूरी नभएमा वा उम्मेदवार, प्रस्तावक वा समर्थकको सहिछाप नभएमा वा भएको सहिछाप वास्तविक नदेखिएमा

(ग) दफा ५ बमोजिम तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(घ) दफा ९ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिल नभएमा, वा

(ङ) यस ऐन बमोजिमको अरू रीत नपुगेमा ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले कुनै मनोनयनपत्र बदर गर्दा त्यसको कारण मनोनयनपत्रमा जनाई सम्बन्धित उम्मेदवारलाई ज्ञानकारी दिनु पर्नेछ ।

१३. <u>उम्मेदवारको नामावली</u> : मनोनयनपत्रहरूको जाँच गरिसकेपछि कानून बमोजिम रीत पु-याई मनोनयनपत्र दर्ता गरिएका उम्मेदवारहरूको नामावली निर्वाचन अधिकृतले तयार गर्नेछ र त्यसको एक प्रति आफ्नो कार्यालयमा प्रकाशित गर्नेछ ।

१४. <u>नाम फिर्ता लिने</u> : (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट हटाउन चाहेमा दफा ५ बमोजिम तोकिएको समय भित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना निर्वाचन अधिकृत समक्ष दाखिल भैसकेपछि सो सूचना बदर गराउन वा फिर्ता लिन पाइने छैन ।

(३) उपदफा (१) बमोजिम दाखिल भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा निजले नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनेछ र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नेछ ।

१५. उम्मेदवारको अन्तिम नामावली : (१) दफा १४ बमोजिम उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरूको अन्तिम नामावली तयार गर्नेछ र त्यसको एक प्रति आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिमको नामावलीमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र निजहरूको मनोनयनपत्रमा लेखिएको ठेगाना समेत उल्लेख गरिने छ ।

१६. निर्विरोध निर्वाचित भएको घोषणा गर्ने : (१) उम्मेदवारको संख्या निर्वाचन गरिने सदस्य संख्या बराबर वा कम भएमा निर्वाचन अधिकृतले उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरेपछि निर्वाचन अधिकृतले त्यसको जानकारी आयोगलाई दिनु पर्छ ।

१७. उम्मेदवारको परिचयपत्र : दफा १५ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका उम्मेदवारहरूलाई निर्वाचन अधिकृतले परिचयपत्र दिनेछ ।

१८. उम्मेदवारको मृत्यु भएमा : (१) दफा १५ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि मतदानको अघिल्लो दिन सम्ममा कुनै उम्मेदवारको मृत्यु भएको लिखित सूचना प्राप्त भै सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निर्वाचन अधिकृतले मतदान कार्यक्रम तुरुन्त स्थगित गर्नेछ र त्यसको जानकारी यथाशीघ्र आयोगलाई दिनेछ । त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरू समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशित गर्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिमको जानकारी प्राप्त गरेपछि मतदान गर्ने मिति लगायत निर्वाचनको अन्य कार्यक्रम पुनः निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
202

(३) दफा १५ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिल गर्नु पर्ने छैन ।

तर मतदान स्थगित हुनुभन्दा अघि नाम फिर्ता लिएका व्यक्तिले उम्मेदवार हुनको लागि पुनः मनोनयनपत्र दाखिल गर्न सक्नेछ ।

## परिच्छेद - ४

## मतपत्र, मतपेटिका र मतदान

१९. मतपत्र : (१) मतपत्रको ढाँचा आयोगले तोके बमोजिमको हुनेछ ।

(२) निर्वाचन अधिकृतले मतदानकेन्द्रमा उपस्थित भएको मतदातालाई रीत पु-याई मतपत्र दिनेछ ।

२०. मतपेटिका : मतदानको लागि आयोगले व्यवस्था गरेको मतपेटिकाको प्रयोग हुनेछ ।

२१. मतदान गर्ने तरीका : (१) मतदाताले मतपत्रमा उपदफा (२) बमोजिम प्राथमिकता जनाई गोप्य तरिकाले मतदान गर्नु पर्नेछ ।

(२) मतदान गर्दा मतदाताले जुन उम्मेदवारको पक्षमा आफ्नो पहिलो प्राथमिकताको मत दिने निश्चय गरेकोछ सो उम्मेदवारको नाम संगै रहेको मत संकेत गर्ने स्थानमा १ अंक लेखी आफ्नो मत दिनु पर्नेछ । त्यसरी पहिलो प्राथमिकताको मत दिई सके पछि मतदाताले चाहेमा अन्य उम्मेदवारहरूको नाम संगै रहेको मत संकेत गर्ने स्थानमा २, ३, ४, इत्यादि अंक लेखी प्राथमिकता जनाई आफ्नो मत दिन सक्नेछ ।

तर त्यसरी प्राथमिकता जनाउँदा निर्वाचन गर्नु पर्ने सदस्य संख्या भन्दा बढी हुने गरी प्राथमिकता जनाउनु हुँदैन ।

(३) एक भन्दा बढी उम्मेदवारहरूलाई एउटै प्राथमिकताको अंक दिइ आफ्नो मत दिनु हुँदैन ।

२२. संकटकालीन अवस्थामा मतदान स्थगित गर्न सकिने : (१) आफ्नो काबू बाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निजले मतदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्य तत्काल स्थगित गर्न सक्नेछ र त्यसको सूचना मतदान केन्द्रमा प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरेकोमा त्यसको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान स्थगित भएकोमा निर्वाचन अधिकृतले पुनः मतदान हुने मिति र समय तोकी सूचना प्रकाशित गरी पुनः मतदान गराउनेछ ।

२३. मतदान केन्द्रमा प्रवेश : (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरु बाहेक अरूलाई प्रवेश गर्न दिने छैनः-

(क) मतदाता,
(ख) उम्मेदवार,
(ग) आयोगबाट वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिहरु ।

(२) मतदानको लागि तोकिएको समय समाप्त भएपछि मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

२४. निर्वाचन अधिकृतले निरीक्षण गर्ने : निर्वाचन अधिकृतलाई मतसंकेत गर्ने स्थानमा कुनै अनियमित कार्यको शंका लागेमा निजले मतसंकेत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

२५. अशक्त मतदाता : (१) शारीरिक अशक्तताको कारणवश कुनै मतदाता आफै मतदान गर्न नसक्ने भई निजले आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मतसंकेत गर्ने स्थानमा प्रवेश गर्न दिन सक्नेछ ।

(२) कुनै मतदाता स्वयं मतदान गर्न असमर्थ भई निर्वाचन अधिकृतलाई मतपत्रमा आफूले रोजेको उम्मेदवारको नाम संगै रहेको मत संकेत गर्ने स्थानमा मतसंकेत गरिदिन अनुरोध गरेमा निर्वाचन अधिकृतले सो मतदाताको इच्छा अनुसार निजको हकमा मतसंकेत गर्ने काममा सहयोग दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४
## मतगणना र निर्वाचनको परिणाम

२६. मतगणना गर्ने सूचना : मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समयको सूचना उम्मेदवारहरूको जानकारीको लागि आफ्नो कार्यालयमा प्रकाशित गर्नेछ ।

२७. मतगणना : (१) निर्वाचन अधिकृतले दफा २६ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा मतगणना प्रारम्भ गर्नेछ ।

(२) मतगणना गर्ने स्थानमा उम्मेदवार र निर्वाचन अधिकृतले अनुमति दिएका व्यक्तिहरू उपस्थित रहन सक्नेछन् ।

(३) मतगणना गर्ने क्रममा बाधा दिने व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ । सो आदेश पालन नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश अनुसार सुरक्षा कर्मचारीले आवश्यक परे बल प्रयोगगरी सो स्थानबाट निष्काशन गर्न सक्नेछ ।

२८. मतगणना लगातार गर्ने (१) मतगणना प्रारम्भ भएपछि समाप्त नभएसम्म मतगणनाको काम लगातार जारी राख्नु पर्नेछ ।

(२) कुनै कारणवश मतगणनाको काम लगातार जारी राख्न नसकिने अवस्था भई बिचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरू, मतगणना अभिलेखहरू र मतगणना गर्न बाँकी रहेका मतपत्रहरूको लगत समेत तयार गरी बेग्ला बेग्लै खाममा राखी बन्द गर्नु पर्छ र आफ्नो लाहाछाप समेत लगाउनु पर्नेछ । उम्मेदवारले चाहेमा आफ्नो लाहाछाप समेत लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम यथासम्भव छिटो पुनः प्रारम्भ गर्नु पर्छ ।

२९. मतपत्र बदर हुने अवस्था: देहायका मतपत्र बदर हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निर्वाचन अधिकृतको सहिछाप नभएको,
(ख) यस ऐनमा तोकिए बमोजिम मतसंकेत नगरी अन्य कुनै किसिमले मतसंकेत गरिएको,
(ग) मतसंकेत नबुझिने गरी मतपत्र च्यातिएको वा फोहर गरिएको,
(घ) मतदाता चिन्न सकिने गरी कुनै कुरा लेखिएको वा कुनै चिन्ह राखिएको,
(ङ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी मतसङ्केत गरिएको
(च) जाली मतपत्र,
(छ) पहिलो प्राथमिकता नजनिएको,
(ज) एक भन्दा बढी उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइएको,
(झ) एउटै उम्मेदवारलाई एउटा भन्दा बढी प्राथमिकता दिइएको,
(ञ) कुन उम्मेदवारलाई पहिलो प्राथमिकता दिइएको हो सो छुट्याउन नसकिने

३०. <u>बदर हुने मतपत्र छुट्याउने</u> : निर्वाचन अधिकृतले सबै मतपत्रहरू जाँच्नेछ र दफा २९ बमोजिम बदर गर्नुपर्ने मतपत्रहरू छुट्याई बदर भएको मतपत्र पछाडि बदर गर्नु पर्ने कारण जनाई बदर भएको सबै मतपत्रहरू एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनेछ ।

३१. <u>निर्वाचित हुन प्राप्त गर्नुपर्ने आवश्यक मत संख्या</u> : निर्वाचित हुन प्राप्त गर्नु पर्ने आवश्यक मत संख्या निर्धारण गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-
(क) सदर मतपत्रको संख्यालाई १०० ले गुणन गर्ने,
(ख) निर्वाचन गर्नु पर्ने सदस्यहरूको संख्यामा १ अंक जोडने,
(ग) खण्ड (क) को गुणनफललाई खण्ड (ख) बमोजिमको संख्याले भाग गर्ने, र
(घ) खण्ड (ग) बमोजिम भाग गर्दा निस्केको भागफलमा पुनः १ अंक जोडने ।

३२. <u>मतगणना सम्बन्धी अन्य कार्यविधि</u> : मतगणना सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ । त्यस्तो कार्यविधि नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. <u>निर्वाचन परिणामको प्रकाशन</u> : (१)मतगणनाको कार्य पूरा भइसकेपछि निर्वाचन अधिकृतले मतगणनाको तालिका तयार गरी निर्वाचन परिणाम प्रकाशित गर्नेछ र सो परिणाम तालिकाको एक प्रति आयोगमा पठाउने छ ।

(२) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी अन्य विवरणहरू समेत भएको आफ्नो प्रतिवेदन तयार गरी आयोगमा यथाशीघ्र पठाउनु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम निर्वाचन परिणाम तालिका प्राप्त गरेपछि निर्वाचित सदस्यहरूको नामावली तयार गरी संसद सचिवालयमा पठाउनेछ र नेपाल राजपत्रमा समेत प्रकाशित गर्नेछ ।

## परिच्छेद - ६
## <u>विविध</u>

३४. <u>सदस्यता कायम नरहने</u> : (१) निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गत गठित निर्वाचन विशेष अदालतको फैसलाले कुनै सदस्यको निर्वाचन बदर भएमा त्यस्तो फैसला भएको मितिदेखि त्यस्तो सदस्यको सदस्यता कायम रहने छैन ।

(२) कुनै सदस्य प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित भएमा निजको सदस्यता त्यसरी निर्वाचित भएको मितिदेखि स्वतः समाप्त हुनेछ ।

३५. <u>गोप्यता भंग गर्न नहुने</u> : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले संकेत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्नु हुँदैन ।

(२) यो ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत चलेको कानूनी कारवाईमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६

३६. <u>निर्वाचन सम्बन्धी कागजातको गोप्यता</u> : (१) निर्वाचनमा प्रयोग भएका कागजातमध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी आयोगले तोकिदिएको अधिकृतको जिम्मा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भईरहेको मतपत्र मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर भएको मतपत्रहरू राखिएको सिलबन्दी खाम प्रचलित कानून बमोजिम परेको उजूरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले खोली हेरिएपछि अदालतले ती कागजात यथारूपमा सिलबन्दी गरी राख्नु पर्छ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम खोली हेर्ने अधिकार हुने छैन ।

(४) यस दफामा उल्लेखित कागजहरू मुद्दा परेकोमा मुद्दाको अन्तिम टुंगो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले एक वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

३७. <u>आदेश र निर्देशन</u> : (१) यो ऐनको उद्देश्य कार्यान्वयनको लागि आयोगले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) आयोगले निर्वाचनको कार्य संचालनको लागि निर्वाचन अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

३८. <u>निर्देशिका</u> : आयोगले निर्वाचनको लागि आवश्यक कार्यविधि सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३९. <u>मद्दत लिन सकिने</u> : निर्वाचन अधिकृतले संसद सचिवालयका कर्मचारीको अतिरिक्त अन्य कर्मचारीको मद्दत लिन सक्नेछ ।

४०. <u>मुद्दा सम्बन्धी अधिकार</u> : यस ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्ने अधिकार निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गत गठित निर्वाचन विशेष अदालतलाई हुनेछ ।

४१. <u>बचाउ</u> : यो ऐन र यस ऐन अन्तर्गत जारी भएको आदेश


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम भए गरेको निर्वाचन सम्बन्धी कुनै काम कारवाईको सम्बन्धमा निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गत गठित निर्वाचन विशेष अदालत बाहेक अन्य कुनै अदालतमा प्रश्न उठाइने छैन ।

लालमोहर सदर मिति:– २०४८।२।२३।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।